नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
(प्रबन्ध निर्देशनालय)
नक्साल काठमाण्डौ।

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०१/०६ गते।

१. प्रहरी प्रधान कार्यालयलाई आर्थिक बर्ष २०७५/०७६ मा आवश्यक निम्नानुसारका सामानहरु खरिद गर्नुपर्ने भएकाले योग्य आपूर्तिकर्ताहरुले दरभाउपत्र पेश गर्न हुन अनुरोध गरिएको छ।

**निम्न:**

| सि.नं. | सामानको नाम | परिमाण | एकाई | संकेत नम्बर | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र को मान्य अवधि | दरभाउपत्र जमानत रकम |
|---|---|---|---|---|---|---|---|
| १. | Digital Sender | ७ | थान | PHQ/G/SQ/2075-076/03 | रु.१,०००।- | ४५ दिन | रु.४४,८००।- |
| २. | Server Co-locate on lease | १ | प्याकेज | PHQ/G/SQ/2075-076/04 | रु.१,०००।- | ४५ दिन | रु.२२,८००।- |
| ३. | Expansion of 7 Command Center Sites for remote areas | १ | प्याकेज | PHQ/G/SQ/2075-076/05 | रु.१,०००।- | ४५ दिन | रु.३१,६००।- |
| ४. | All in One Multimedia Device | ३ | प्याकेज | PHQ/G/SQ/2075-076/06 | रु.१,०००।- | ४५ दिन | रु.२४,०००।- |
| ५. | Antivirus 800 Users & IP Phone Server System | १ | प्याकेज | PHQ/G/SQ/2075-076/07 | रु.१,०००।- | ४५ दिन | रु.२१,४००।- |

२. लिखित निवेदन साथ मु.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व.२०७४/०७५ को करचुक्ताको प्रतिलिपि पेश गरेर मात्र यस कार्यालयबाट तोकिएको दस्तुर बुझाई मिति २०७६।०१।२० गते सम्म (कार्यालय समय भित्र) दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ।

३. दरभाउपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३ यस कार्यालयको कोड नं.२७-३१४-३१ मा माथि उल्लेखित बिड बण्ड रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै बिड बण्ड जमानत पेश गर्नु पर्नेछ। उक्त बिड बण्डको समयावधी दरभाउपत्रको मान्य अवधी भन्दा ३० दिन बढिको हुनु पर्ने छ।

४. दरभाउपत्र सम्बन्धी कागजात मिति २०७६।०१।२२ गते १२:०० बजे भित्र प्रहरी प्रधान कार्यालय प्रबन्ध निर्देशनालयमा दर्ता गरी सक्नु पर्ने छ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्र फारम मिति २०७६।०१।२२ गते १४:०० वजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरु एवं यस कार्यालयका पदाधिकारीहरुको रोहवरमा खोलिने छ, दरभाउपत्रदाताहरू वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

६. दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ।

७. दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ।

८. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ४४४०५८१ मा कार्यालय समयमा सम्पर्क राखी वुझ्न सकिने छ।

९. यो सूचना नेपाल प्रहरीको वेभ साईट www.nepalpolice.gov.np मा समेत हेर्न सकिने छ।